राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक ३३८ २०८३ असार २४ गते बुधवार (08 July 2026) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## जनकपुरमा दुर्गा प्रसाईंको सरकारविरुद्ध प्रदर्शन

दैनिक समाचारदाता
जनकपुरधाम, २३ असार । नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंको नेतृत्वमा मङ्गलबार जनकपुरधाममा सरकारविरुद्ध प्रदर्शन तथा र्‍याली निकालिएको छ।

विभिन्न स्थानबाट सहभागी भएका समर्थकहरूले नगरका मुख्य सडक परिक्रमा गर्दै वर्तमान सरकारको कार्यशैली, सुशासन र प्रशासनिक अवस्थाप्रति असन्तुष्टि व्यक्त गरेका हुन्।

जानकी मन्दिर परिसरबाट सुरु भएको र्‍याली जनकचोक, शिवचोक, भानुचोक हुँदै नगरका विभिन्न भागको परिक्रमा गरेको थियो। प्रदर्शनका क्रममा सहभागीहरूले सरकारविरुद्ध नाराबाजी गर्दै भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति, जनउत्तरदायी शासन तथा प्रशासनिक सुधारको माग गरेका थिए।

सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै नेपाल प्रहरीले र्‍याली मार्गमा



आवश्यक सुरक्षा प्रबन्ध मिलाएको थियो।

र्‍यालीलाई सम्बोधन गर्दै दुर्गा प्रसाईंले वर्तमान सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको आरोप लगाए। उनले सिंहदरबारको प्रशासनिक प्रणाली राजनीतिक नेतृत्वकै कारण कमजोर बन्दै गएको दाबी गर्दै सरकारका गतिविधिमाथि नागरिकस्तरबाट निरन्तर खबरदारी आवश्यक रहेको बताए।

उनले सरकारको सयदिने कार्यकालको समीक्षा गर्दै आफ्नो अभियानले सरकारका उपलब्धि र कमजोरी दुवै पक्ष समेटिएको विस्तृत मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्ने तयारी गरिरहेको जानकारी दिए।

प्रसाईंले मुलुकको प्रशासनिक अवस्था, आर्थिक चुनौती, सुशासन र विदेश नीतिका विषयमा समेत सरकारमाथि प्रश्न उठाउँदै राष्ट्रिय हितलाई केन्द्रमा राखेर निर्णय लिनुपर्ने धारणा व्यक्त गरे। उनका अनुसार जनताको विश्वास गुमाउँदै गएको शासन प्रणाली सुधारका लागि व्यापक राजनीतिक उत्तरदायित्व आवश्यक छ।

र्‍यालीअघि प्रसाईंले जानकी मन्दिरमा पूजा-अर्चना गरेका थिए। साँझ जानकी मन्दिर परिसरमा दीप प्रज्वलन कार्यक्रमसमेत आयोजना गरिएको अभियानका आयोजकहरूले जनाएका छन्।

## मधेशमा वर्षा अपुग, किसान चिन्तित

दैनिक समाचारदाता
काठमाडौँ, २३ असार । जल तथा मौसम विज्ञान विभागले मधेस र लुम्बिनी प्रदेशका केही भूभागमा अपेक्षाअनुसार वर्षा हुन नसकेको जनाएको छ ।

विभागका वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले मधेस र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा भने अपेक्षाअनुसार वर्षा हुन नसकेको बताउनुभयो ।

"हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । मनसुनको न्यूनचापीय रेखा नेपालको पूर्वी भूभागतर्फ सरदरभन्दा दक्षिणमा र पश्चिमी भूभागतर्फ सरदर स्थानको आसपास अवस्थित छ", उहाँले भन्नुभयो, "पूर्वानुमान गरिएजस्तो वर्षा नभए पनि देशका अधिकांश पहाडी भूभागमा मध्यम वर्षा भइरहेको छ । अहिलेको वर्षा मुख्यत: पहाडी क्षेत्रमा केन्द्रित छ ।"अर्यालले हाल लुम्बिनी प्रदेशको उत्तरी क्षेत्र तथा



सुदूरपश्चिम प्रदेशका केही भूभागमा मध्यम वर्षा भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार मनसुनी प्रणाली सक्रिय रहेकाले आगामी दिनमा वर्षाको गतिविधि क्रमश: विस्तार हुने सम्भावना छ । विशेषगरी पहाडी भूभागमा मेघगर्जन, चट्याङ र मध्यमदेखि भारी वर्षाको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन उहाँले आग्रह गर्नुभयो ।

विभागले आज देशका चार प्रदेशमा भारी वर्षाको सम्भावना, मधेस र लुम्बिनीका तराईमा हुरीबतासको जोखिम रहेको जनाएको छ । विभागका अनुसार मनसुनी प्रणालीको प्रभावका कारण आज देशका अधिकांश भूभागमा वर्षाको सम्भावना छ । जल तथा मौसम विज्ञान विभागले विशेषगरी कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी भूभागका एकदुई स्थानमा भारी वर्षा हुनसक्ने भएकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागले आज जारी गरेको तीनदिने मौसम पूर्वानुमानअनुसार आज देशका पहाडी तथा हिमाली भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुने सम्भावना छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा मधेससहित कोशी, बागमती र गण्डकी प्रदेशका तराईका धेरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुनसक्ने जनाएको छ ।

कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी भूभागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेकाले नदी आसपास, पहिरोको जोखिम भएका क्षेत्र तथा सहरी डुबान हुनसक्ने स्थानका बासिन्दालाई सतर्क रहन आग्रह गरिएको छ ।

मधेस तथा लुम्बिनी प्रदेशका केही स्थानमा हुरी चल्ने सम्भावना रहेकाले कमजोर संरचना, कृषि बाली तथा विद्युत्

बाँकी पृष्ठ ४मा

## गढीमाईका मेयरसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा




दैनिक समाचारदाता
जनकपुरधाम,२३ असार । रौतहटको गढीमाई नगरपालिकाका नगर प्रमुख श्यामप्रसाद यादवसहित चार जनाविरुद्ध दुई करोड ५७ लाख ६२ हजार रुपैयाँ बराबरको भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार नगर प्रमुख यादवसँगै गढीमाई नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत शुभाषकुमार ठाकुर, तत्कालीन राजस्व शाखा प्रमुख बालकिशोर राय तथा भाग्यमणी कन्स्ट्रक्सन कम्पनी प्रालि, बत्तीसपुतली (काठमाडौं) र कम्पनीका मुख्य जिम्मेवार राधेश्याम साहविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको हो। आयोगका अनुसार आर्थिक वर्ष २०७६/७७ मा समनपुर नाकाबाट बालुवा, गिट्टी र ग्राभेल उत्खनन, सङ्कलन, बिक्री तथा निकासीसम्बन्धी आय ठेक्काको राजस्व रकम हिनामिना गरी भ्रष्टाचार गरेको आरोप उनीहरूमाथि लागेको छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) अनुसार उनीहरुविरुद्ध दुई करोड ५७ लाख ६२ हजार रुपैयाँ बिगो कायम गरी कैद, बिगो असुल तथा बिगोको दोब्बर जरिवाना हुने मागदाबी सहित मङ्गलबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ।

## धनुषामा बस दुर्घटना, चालकसहित तीन घाइते




दैनिक समाचारदाता
जनकपुरधाम २३ असार । धनुषाको धनुषाधाम नगरपालिका-९, धारापानीस्थित पूर्व-पश्चिम लोकमार्गमा यात्रुवाहक बस दुर्घटना हुँदा चालकसहित तीन जना घाइते भएका छन्। बसमा सवार १४ यात्रुमध्ये तीन जना घाइते भएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार सोमबार राति करिब १ बजे काँकडभिट्टाबाट वीरगञ्जतर्फ


बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# लालपुर्जाको न्याय

धनुषाको गणेशमान चारनाथ नगरपालिकामा ३२८ परिवारले वर्षौंदेखि भोगचलन गर्दै आएको गाउँब्लक जग्गाको कानुनी स्वामित्वसहित लालपुर्जा प्राप्त गर्नु केवल प्रशासनिक उपलब्धि मात्र होइन, सामाजिक र आर्थिक न्यायको महत्वपूर्ण कदम पनि हो। पुस्तौँदेखि आफूले जोतभोग गर्दै आएको जमिनमा कानुनी अधिकार नहुँदा हजारौँ नागरिकले असुरक्षा, अन्योल र राज्यप्रतिको निराशा भोग्नुपरेको यथार्थ अब विस्तारै अन्त्यतर्फ उन्मुख देखिएको छ।

जग्गाको स्वामित्व नागरिकको आधारभूत आर्थिक अधिकारसँग जोडिएको विषय हो। लालपुर्जा नहुँदा नागरिकले बैंकबाट ऋण लिन सक्दैनन्, सम्पत्तिको कानुनी संरक्षण पाउँदैनन्, किनबेच वा हस्तान्तरणमा कठिनाइ भोग्नुपर्छ। त्यसैले लालपुर्जा वितरणले केवल एउटा कागज उपलब्ध गराएको होइन, नागरिकलाई आर्थिक अवसर, सामाजिक सुरक्षा र आत्मविश्वास प्रदान गरेको छ।

तर, यस घटनाले अर्को गम्भीर प्रश्न पनि उठाउँछ। २०७० सालमै नापजाँच सम्पन्न भएको जग्गाको लालपुर्जा वितरण गर्न राज्यलाई एक दशकभन्दा बढी समय किन लाग्यो? प्राविधिक र प्रशासनिक जटिलताको नाममा नागरिकलाई वर्षौंसम्म अधिकारबाट वञ्चित राख्नु कुनै पनि हिसाबले उचित मान्न सकिँदैन। राज्यका निकायबीच समन्वय, कार्यक्षमता र उत्तरदायित्वको अभावले सामान्य नागरिकले अनावश्यक दुःख भोग्नुपरेको यो उदाहरण हो।

सकारात्मक पक्ष के हो भने नापी कार्यालय र स्थानीय तहबीचको समन्वयले रोकिएको प्रक्रिया अन्ततः अघि बढेको छ। यसले देखाएको छ कि इच्छाशक्ति, सहकार्य र प्रभावकारी प्रशासन भए समाधान असम्भव हुँदैन। यही कार्यशैलीलाई अन्य स्थानीय तहमा पनि विस्तार गर्न आवश्यक छ।

अझै पनि विभिन्न कारणले लालपुर्जा प्राप्त गर्न नसकेका परिवार छन्। उनीहरूलाई आवश्यक कागजात व्यवस्थापन, प्राविधिक सहयोग र कानुनी सहजीकरण गर्दै शीघ्र स्वामित्व प्रदान गर्नु राज्यको दायित्व हो। गाउँब्लक, सुकुम्बासी तथा अव्यवस्थित बसोबासका समस्या समाधानमा पनि यस्तै सक्रियता आवश्यक छ।

अन्ततः, लालपुर्जा वितरणलाई एकदिने औपचारिक कार्यक्रमका रूपमा होइन, नागरिकको सम्पत्ति अधिकार सुनिश्चित गर्ने दीर्घकालीन अभियानका रूपमा अघि बढाइनुपर्छ। नागरिकले भोगचलन गरिरहेको सम्पत्तिमाथि कानुनी अधिकार प्राप्त गर्नु लोकतान्त्रिक राज्यको आधारभूत दायित्व हो। गणेशमान चारनाथको यो सुरुआत देशका अन्य क्षेत्रमा पनि छिटो, पारदर्शी र प्रभावकारी रूपमा विस्तार हुन सके मात्र भूमिसम्बन्धी न्यायले वास्तविक अर्थ पाउनेछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# नेपालको उच्च शिक्षा सुधारको रणनीतिक खाका

*डा. जीवन काफ्ले*

कुनै पनि राष्ट्रको समृद्धि, सामाजिक रूपान्तरण र दिगो विकासमा शिक्षा प्रणालीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। विशेषतः उच्च शिक्षाले ज्ञान सिर्जना, वैज्ञानिक चेतनाको विकास, अनुसन्धान तथा नवप्रवर्तनको प्रवर्धन साथै दक्ष, सिर्जनशील र नैतिक मानव संसाधन उत्पादन मार्फत राष्ट्र निर्माणमा आधारभूत योगदान पुऱ्याउँछ।

नेपालको उच्च शिक्षा प्रणालीले विगत सात दशकभन्दा लामो अवधिदेखि शैक्षिक, सामाजिक तथा आर्थिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्दै लाखौं विद्यार्थीलाई उच्च शिक्षाको अवसर उपलब्ध गराएको छ र राष्ट्रका विभिन्न क्षेत्रका लागि आवश्यक जनशक्ति उत्पादन गरेको छ।

तर, वर्तमान विश्व परिवेशमा विज्ञान, प्रविधि, स्वास्थ्य, इन्जिनियरिङ, डिजिटल रूपान्तरण, कृत्रिम बुद्धिमत्ता तथा ज्ञानमा आधारित अर्थतन्त्रको तीव्र विकाससँगै नेपालको उच्च शिक्षा प्रणालीलाई समयानुकूल सुधार, पुनर्संरचना र सुदृढीकरण गर्नु अपरिहार्य भएको छ। राष्ट्रिय विकासका लागि अत्यावश्यक तर विद्यार्थीको आकर्षण कम भएका शैक्षिक कार्यक्रमहरूमा दक्ष जनशक्ति उत्पादन गर्न विशेष नीति अवलम्बन गर्नुपर्छ।

आजको विश्वमा राष्ट्रहरूको प्रतिस्पर्धात्मक क्षमता प्राकृतिक स्रोत वा आर्थिक लगानीभन्दा बढी ज्ञान, अनुसन्धान, नवप्रवर्तन र दक्ष मानव पूँजीमा आधारित हुन्छ। विकसित राष्ट्रहरूले विश्वविद्यालयलाई केवल शिक्षण संस्थाका रूपमा नभई ज्ञान उत्पादन, अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका प्रमुख केन्द्रका रूपमा विकास गरेका छन्। त्यसैले नेपालको उच्च शिक्षालाई पनि परम्परागत ज्ञान हस्तान्तरणमा सीमित नराखी अनुसन्धानमुखी, प्रविधिमैत्री, सिर्जनशील तथा परिणाममुखी प्रणालीका रूपमा रूपान्तरण गर्न आवश्यक छ।

सीमित स्रोतसाधन, संरचनात्मक चुनौती र संस्थागत समस्याका बाबजुद नेपालको उच्च शिक्षा प्रणालीलाई राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय मापदण्डसँग सामञ्जस्य राख्दै गुणस्तरीय, प्रतिस्पर्धी, उत्तरदायी र प्रभावकारी बनाउनु आजको प्रमुख आवश्यकता हो। यस दिशामा नेपाल सरकारले विभिन्न नीति, कार्यक्रम तथा सुधारका प्रयासहरू अघि बढाउँदै आएको छ भने विश्वविद्यालय अनुदान आयोगले गुणस्तर अभिवृद्धि, अनुसन्धान प्रवर्धन, संस्थागत सुदृढीकरण, शैक्षिक सुधार तथा प्रभावकारी नियमनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

आगामी दिनमा आयोगले स्पष्ट नीति, प्रभावकारी मापदण्ड, नियमित अनुगमन तथा परिणाममुखी सहयोगी कार्यक्रम मार्फत विश्वविद्यालयहरूलाई सक्षम, आत्मनिर्भर तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउने दिशामा अझ प्रभावकारी भूमिका निर्वाह गर्न आवश्यक छ।

नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापनापछि समयको आवश्यकता र विभिन्न उद्देश्य अनुसार नयाँ-नयाँ विश्वविद्यालयहरूको स्थापना हुँदै आएको छ। यी विश्वविद्यालयहरूले उच्च शिक्षामा पहुँच विस्तार, क्षेत्रीय सन्तुलन, विषयगत विशेषज्ञता तथा संस्थागत विविधीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्।

विश्वविद्यालयहरूको विस्तारले देशका विभिन्न क्षेत्रका विद्यार्थीलाई उच्च शिक्षाको अवसर उपलब्ध गराउन सहयोग गरेको छ। तर, पर्याप्त दीर्घकालीन योजना, आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, वित्तीय स्रोत तथा संस्थागत क्षमताको समुचित मूल्याङ्कन नगरी विश्वविद्यालय स्थापना र सम्बन्धन प्रदान गर्ने प्रवृत्तिका कारण उच्च शिक्षा प्रणालीमा संरचनागत असन्तुलन देखिएको छ।

परिणामस्वरूप, विश्वविद्यालयहरू बीच विद्यार्थी सङ्ख्या, आर्थिक स्रोत, भौतिक पूर्वाधार, अनुसन्धान क्षमता, शैक्षिक कार्यक्रम तथा संस्थागत व्यवस्थापनका दृष्टिले उल्लेखनीय असमानता विद्यमान छ। कतिपय विश्वविद्यालयले आफ्नो क्षमता र स्रोतभन्दा बाहिर गई अव्यवस्थित रूपमा सम्बन्धन प्रदान गरेका कारण शैक्षिक गुणस्तर, प्रभावकारी अनुगमन तथा सुशासनमा चुनौती उत्पन्न भएको छ।

त्यसैगरी, ठूलो विद्यार्थी सङ्ख्या, अत्यधिक आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस, प्रशासनिक जटिलता र स्रोत व्यवस्थापनका कारण केही विश्वविद्यालयमा गुणस्तर सुनिश्चितता चुनौतीपूर्ण बनेको छ भने नयाँ स्थापना भएका विश्वविद्यालयहरू पर्याप्त विद्यार्थी आकर्षण, अनुसन्धान पूर्वाधार, दक्ष जनशक्ति तथा वित्तीय स्रोतको अभावबाट प्रभावित छन्। यसले विश्वविद्यालयहरूको दीर्घकालीन विकास, संस्थागत विशिष्टता तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमतामा प्रतिकूल प्रभाव पारेको छ।

यस अवस्थालाई सुधार गर्न नेपालको उच्च शिक्षा प्रणालीको समग्र पुनर्संरचना आवश्यक छ। प्रत्येक विश्वविद्यालयको उद्देश्य, कार्यक्षेत्र, शैक्षिक क्षमता, भौगोलिक अवस्था तथा राष्ट्रिय आवश्यकतालाई आधार मानी उपयुक्त संस्थागत मोडेल विकास गरिनुपर्छ। सबै विश्वविद्यालयलाई एउटै ढाँचामा सञ्चालन गर्ने वर्तमान अभ्यासको सट्टा अनुसन्धानमुखी, शिक्षणमुखी, प्राविधिक तथा व्यावसायिक, खुला तथा दूर शिक्षा र क्षेत्रीय विकासमुखी विश्वविद्यालयका रूपमा तिनको भूमिका स्पष्ट गरी विकास गर्नुपर्छ।

साथै, सम्बन्धन प्रणालीलाई क्षमता, गुणस्तर र आवश्यकताका आधारमा पुनरावलोकन गरी व्यवस्थित बनाउन आवश्यक छ। यस्तो पुनर्संरचनाले स्रोतसाधनको प्रभावकारी उपयोग, गुणस्तरीय शिक्षा, अनुसन्धान प्रवर्धन, सुशासन तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ।

विश्वविद्यालयहरूले आफ्नो उद्देश्य, क्षमता र राष्ट्रिय आवश्यकता अनुसार उत्कृष्टताको क्षेत्र पहिचान गरी विशिष्ट शिक्षण तथा अनुसन्धान केन्द्रका रूपमा विकास हुनुपर्छ। विज्ञान तथा प्रविधि, स्वास्थ्य, इन्जिनियरिङ, कृषि, वातावरण, व्यवस्थापन, मानविकी, सामाजिक विज्ञान लगायत क्षेत्रमा विषयगत विशेषज्ञता विकास गरी विश्वविद्यालयहरूको विशिष्ट भूमिका निर्धारण गर्न आवश्यक छ। यस प्रकारको विशेषज्ञतामा आधारित विकासले स्रोतसाधनको प्रभावकारी उपयोग, संस्थागत पहिचान तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा योगदान पुऱ्याउनेछ।

उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण-सिकाइ प्रणालीलाई प्रविधिमैत्री, अनुसन्धानमुखी र विद्यार्थीकेन्द्रित बनाउन आवश्यक छ। डिजिटल शिक्षण सामग्री, अनलाइन शिक्षा, भर्चुअल प्रयोगशाला, खुला शैक्षिक स्रोत तथा नवीन शिक्षण विधिको प्रभावकारी प्रयोगसँगै शैक्षिक कार्यक्रम, शिक्षकको क्षमता, अनुसन्धान उपलब्धि तथा विद्यार्थी सेवाको नियमित मूल्याङ्कन गर्ने सुदृढ गुणस्तर सुनिश्चितता प्रणाली विकास गरिनुपर्छ।

नेपालको उच्च शिक्षा प्रणालीको दीर्घकालीन विकासका लागि अनुसन्धान, नवप्रवर्तन र ज्ञान उत्पादनलाई केन्द्रमा राख्नुपर्छ। विश्वविद्यालयहरूलाई केवल परीक्षा सञ्चालन र प्रमाणपत्र प्रदान गर्ने संस्थाका रूपमा सीमित नराखी राष्ट्रिय तथा वैश्विक समस्याको समाधान खोज्ने अनुसन्धान र नवप्रवर्तनका केन्द्रका रूपमा रूपान्तरण गर्न आवश्यक छ। अनुसन्धानमा आधारित शिक्षण-सिकाइ प्रणालीले शिक्षक र विद्यार्थी दुवैको सिर्जनात्मक क्षमता अभिवृद्धि गर्नुका साथै विश्वविद्यालयको सामाजिक तथा आर्थिक योगदानलाई सुदृढ बनाउनेछ।

साथै, नेपाली विश्वविद्यालयहरूको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विश्वका प्रतिष्ठित विश्वविद्यालय, अनुसन्धान संस्था, प्रयोगशाला तथा उद्योगसँग दीर्घकालीन शैक्षिक तथा अनुसन्धान सहकार्य विस्तार गर्नुपर्छ। संयुक्त अनुसन्धान परियोजना, विद्यार्थी तथा प्राध्यापक आदानप्रदान, संयुक्त डिग्री कार्यक्रम, सहपर्यवेक्षण, अन्तर्राष्ट्रिय प्रकाशन तथा वैज्ञानिक सम्मेलन मार्फत नेपाली उच्च शिक्षालाई विश्वव्यापी ज्ञान सञ्जालसँग जोड्न सकिन्छ। अन्तर्राष्ट्रिय सम्मेलन, कार्यशाला, गोष्ठी तथा वैज्ञानिक सङ्गोष्ठीलाई ज्ञान आदानप्रदान, अनुसन्धान सहकार्य र क्षमता विकासका प्रभावकारी माध्यमका रूपमा प्रवर्धन गर्नुपर्छ। यसका लागि विश्वविद्यालय अनुदान आयोगले आवश्यक नीतिगत सहजीकरण, समन्वय, वित्तीय सहयोग तथा प्रोत्साहन उपलब्ध गराई अन्तर्राष्ट्रिय सहकार्यलाई संस्थागत रूपमा सुदृढ बनाउन आवश्यक छ।

नयाँ पुस्ताले अपेक्षा गरेका आधुनिक, बहुविषयक, प्रविधिमैत्री तथा रोजगारमुखी शैक्षिक कार्यक्रमहरूको सीमित उपलब्धता, परीक्षाफल तथा शैक्षिक प्रक्रियामा हुने ढिलाइ, कमजोर भौतिक तथा डिजिटल पूर्वाधार र केही विश्वविद्यालयहरूमा अझै कायम रहेको परम्परागत शिक्षण-सिकाइ पद्धतिका कारण नेपाली विश्वविद्यालयहरू विद्यार्थीको पहिलो रोजाइ बन्न सकेका छैनन्।

परिणामस्वरूप गुणस्तरीय शिक्षा, अनुसन्धान तथा करिअरका अवसरको खोजीमा ठूलो सङ्ख्यामा विद्यार्थी विदेशिन बाध्य भएका छन्। यस प्रवृत्तिलाई न्यूनीकरण गर्न विश्वविद्यालयहरूलाई विद्यार्थीकेन्द्रित, अनुसन्धानमुखी, प्रविधिमैत्री तथा अन्तर्राष्ट्रियस्तरको शैक्षिक वातावरणयुक्त संस्थाका रूपमा रूपान्तरण गर्न आवश्यक छ।

उच्च शिक्षाका लागि युवाको बढ्दो विदेश पलायनलाई न्यूनीकरण गर्नु राष्ट्रिय प्राथमिकताको विषय हो। नेपालमै गुणस्तरीय र प्रतिस्पर्धी उच्च शिक्षा सुनिश्चित गर्दै विद्यार्थीलाई स्वदेशमै अध्ययन र अनुसन्धानका अवसर उपलब्ध गराइनुपर्छ। नेपालमा उपलब्ध शैक्षिक कार्यक्रमका लागि विदेश अध्ययनलाई क्रमशः निरुत्साहित गर्दै स्वदेशी विश्वविद्यालयहरूको शैक्षिक गुणस्तर, अनुसन्धान, पूर्वाधार, छात्रवृत्ति तथा रोजगारीसँगको सम्बन्ध सुदृढ गर्नुपर्छ।

नेपालमा उपलब्ध नभएका वा अत्यन्त सीमित रहेका विशिष्टीकृत कार्यक्रमहरूमा पूर्ण छात्रवृत्ति वा विशेष शैक्षिक अवसर प्राप्त गरेका विद्यार्थीलाई मात्र विदेश अध्ययनका लागि प्राथमिकता दिने नीतिगत व्यवस्था गर्न सकिन्छ। साथै, स्वदेशी विश्वविद्यालयहरूलाई अन्तर्राष्ट्रियस्तरको शिक्षा, अनुसन्धान तथा नवप्रवर्तनका केन्द्रका रूपमा विकास गरी प्रतिभाशाली युवालाई नेपालमै अध्ययन, अनुसन्धान र करिअर निर्माण गर्न आकर्षित गर्नुपर्छ।

उच्च शिक्षा सुधारको प्रमुख आधार शैक्षिक गुणस्तर अभिवृद्धि हो। यसका लागि विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूको नियमित समीक्षा, मूल्याङ्कन तथा पुनर्संरचना गर्दै राष्ट्रिय आवश्यकता, श्रम बजारको माग र अन्तर्राष्ट्रिय अभ्यास अनुकूल पाठ्यक्रम विकास गर्नुपर्छ। पाठ्यक्रमलाई सैद्धान्तिक ज्ञानमा मात्र सीमित नराखी अनुसन्धान, प्रयोगात्मक अभ्यास, समस्या समाधान, नवप्रवर्तन, उद्यमशीलता तथा उद्योग-विश्वविद्यालय सहकार्यसँग आबद्ध गर्न आवश्यक छ।

उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि अनुसन्धान र नवप्रवर्तनलाई उच्च प्राथमिकता दिई प्रतिस्पर्धात्मक अनुसन्धान अनुदान, आधुनिक प्रयोगशाला, अनुसन्धान पूर्वाधार तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्नुपर्छ। विज्ञान, प्रविधि, स्वास्थ्य, कृषि, वातावरण, जलवायु परिवर्तन, इन्जिनियरिङ तथा सामाजिक विज्ञान लगायत राष्ट्रिय प्राथमिकताका क्षेत्रमा गुणस्तरीय, मौलिक र समाजोपयोगी अनुसन्धानलाई विशेष प्रोत्साहन गरिनुपर्छ। विश्वविद्यालयबाट प्रकाशित अनुसन्धानमूलक जर्नलहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल विकास गरी अन्तर्राष्ट्रिय सूचकाङ्कमा समावेश हुने वातावरण निर्माण गर्नुपर्छ। साथै, विद्यावारिधि तथा अन्य अनुसन्धानमुखी कार्यक्रमहरूको गुणस्तर स्पष्ट मापदण्ड, प्रभावकारी अनुगमन तथा अनुसन्धानको गुणस्तर, मौलिकता, प्रभाव र सामाजिक उपयोगिताका आधारमा सुनिश्चित गरिनुपर्छ।

उच्च शिक्षाको गुणस्तर अन्ततः प्राध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारीको क्षमता र प्रतिबद्धतामा निर्भर हुन्छ। त्यसैले आधुनिक शिक्षण विधि, अनुसन्धान पद्धति, वैज्ञानिक लेखन, परियोजना व्यवस्थापन, डिजिटल प्रविधि, शैक्षिक नेतृत्व तथा गुणस्तर सुनिश्चितता सम्बन्धी नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ। साथै, युवा प्राध्यापकहरूको नेतृत्व विकाससँगै अनुभवी वरिष्ठ प्राध्यापक तथा अनुसन्धानकर्ताको विशेषज्ञतालाई अनुसन्धान निर्देशन, नीति निर्माण, संस्थागत सुधार र क्षमता विकासमा प्रभावकारी रूपमा उपयोग गर्ने व्यवस्था गर्न आवश्यक छ। शैक्षिक गुणस्तर, अनुसन्धान, नवप्रवर्तन, मानव संसाधन विकास तथा संस्थागत क्षमता अभिवृद्धिलाई एकीकृत रूपमा अघि बढाई उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकता, श्रम बजारको आवश्यकता र विश्वव्यापी प्रतिस्पर्धासँग जोड्न सकेमा नेपालले ज्ञानमा आधारित, नवप्रवर्तनमुखी तथा दिगो अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सक्नेछ।

नेपालका कतिपय विश्वविद्यालयहरूमा अन्तर्राष्ट्रियस्तरको सेमिनार हल, अन्तर्राष्ट्रिय अतिथि गृह, शिक्षक अतिथि गृह, विद्यार्थी छात्रावास, प्राध्यापकहरूको कार्यकक्ष, व्यवस्थित क्याफ्टेरिया तथा गुणस्तरीय शौचालयजस्ता आधारभूत पूर्वाधार समेत उपलब्ध छैनन्। यस्ता न्यून तथा कमजोर पूर्वाधारका कारण शिक्षण, अनुसन्धान र शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक अनुकूल वातावरण निर्माण हुनसकेको छैन।

उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विश्वविद्यालयहरूमा आधुनिक, सुविधासम्पन्न र अनुसन्धानमैत्री भौतिक पूर्वाधारको विकासलाई प्राथमिकता दिन आवश्यक छ। उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि भौतिक पूर्वाधार विकास र आधुनिकीकरण पनि अपरिहार्य छ। विश्वविद्यालयहरूमा आधुनिक कक्षाकोठा, सुविधासम्पन्न प्रयोगशाला, अनुसन्धान केन्द्र, पुस्तकालय, डिजिटल पूर्वाधार तथा सूचनाप्रविधि प्रणालीको विकास गर्न आवश्यक छ। शिक्षण-सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन स्मार्ट कक्षा, उच्च गतिको इन्टरनेट, डिजिटल पुस्तकालय, ई-लर्निङ प्लेटफर्म तथा आधुनिक वैज्ञानिक उपकरणहरूको व्यवस्था गर्नुपर्छ।

पूर्वाधार विकास गर्दा केवल भवन निर्माणमा सीमित नभई अनुसन्धान, नवप्रवर्तन र शैक्षिक उत्कृष्टताको आवश्यकतालाई केन्द्रमा राख्नुपर्छ। विश्वविद्यालय, सरकारी निकाय, निजी क्षेत्र, उद्योग तथा अन्तर्राष्ट्रिय संस्था बीच सहकार्य गरी अत्याधुनिक प्रयोगशाला र अनुसन्धान केन्द्र स्थापना गर्नुपर्छ। यस प्रकारको सहकार्यले विश्वविद्यालय र उद्योग बीचको सम्बन्ध सुदृढ गर्दै ज्ञान, प्रविधि र सीप हस्तान्तरणलाई प्रभावकारी बनाउनेछ।

नेपालको उच्च शिक्षा सुधारका लागि संस्थागत सुशासन र प्रभावकारी प्रशासनिक व्यवस्थापन अपरिहार्य छन्। विश्वविद्यालयका पदाधिकारीहरूको धेरैजसो समय पदस्थापन, सरुवा तथा अंशकालीन एवं कोर्स-कन्ट्र्याक्ट शिक्षक-कर्मचारी व्यवस्थापन जस्ता प्रशासनिक विषयमा खर्च हुने गरेको छ। यी विषयमा स्पष्ट, एकरूप र सबै विश्वविद्यालयमा समान रूपमा लागू हुने नियमावलीको अभाव तथा कतिपय अवस्थामा व्यक्तिकेन्द्रित निर्णयका कारण संस्थागत प्रणाली, पारदर्शिता र सुशासन कमजोर बनेको देखिन्छ। त्यसैले विगतका अनुभवलाई आधार मानी सबै विश्वविद्यालयका लागि समान, स्पष्ट, पारदर्शी तथा मापदण्डमा आधारित नियमावली निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक छ।

*साभारः अनलाइनखबरडटकम*

# दही वा महीमध्ये कुन स्वास्थ्यका लागि बढी लाभदायक?



दही र मही दुवै स्वास्थ्यका लागि लाभदायक हुन्। तर कुन बढी उपयुक्त हुन्छ भन्ने कुरा व्यक्तिको उमेर, स्वास्थ्य अवस्था, मौसम र खानपानको आवश्यकतामा निर्भर हुन्छ। पोषणविद् डा. अरुणा उप्रेतीका अनुसार, दही र मही दुवै पौष्टिक खाद्य हुन्। दहीमा प्रोटिन, क्याल्सियम र लाभदायी जीवाणु (प्रोबायोटिक्स) प्रशस्त हुन्छन् भने मही पाचन सुधार्ने, शरीरलाई हाइड्रेट राख्ने र गर्मी मौसममा शीतलता दिने प्राकृतिक पेय हो।

*दहीका फाइदा*

आन्द्रामा राम्रो ब्याक्टेरिया बढाएर पाचन प्रणाली स्वस्थ राख्छ।
क्याल्सियम र प्रोटिनको राम्रो स्रोत भएकाले हड्डी र मांसपेशी बलियो बनाउन मद्दत गर्छ।

रोग प्रतिरोधात्मक क्षमता सुधार्न सहयोग पुऱ्याउन सक्छ।
पेट लामो समयसम्म भरिएको महसुस गराउने भएकाले तौल नियन्त्रणमा पनि उपयोगी हुन सक्छ।

*महीका फाइदा*

पचाउन दहीभन्दा हल्का हुन्छ।
गर्मी मौसममा शरीरलाई चिसो र हाइड्रेट राख्न मद्दत गर्छ।
अपच, पेट फुल्ने वा खाना खाएपछि हुने असहजता कम गर्न सहयोग पुऱ्याउन सक्छ।
बोसो कम हुने भएकाले तौल घटाउने प्रयास गरिरहेका व्यक्तिका लागि राम्रो विकल्प हुन सक्छ।

*कसले कुन रोज्ने?*


बच्चा, किशोरकिशोरी, गर्भवती महिला र वृद्धहरू: दही बढी लाभदायक हुन सक्छ, किनकि यसमा प्रोटिन र क्याल्सियम बढी हुन्छ।
गर्मी मौसम, अपच वा भारी खाना खाएपछि: मही राम्रो विकल्प हुन सक्छ।
उच्च रक्तचाप भएका व्यक्तिले महीमा धेरै नुन नहालेर सेवन गर्नु राम्रो हुन्छ।
दैनिक खानामा दही वा मही दुवै समावेश गर्न सकिन्छ। घरमै



ताजा दूधबाट बनाएको दही र त्यसैबाट तयार गरिएको मही सबैभन्दा स्वस्थ विकल्प हो। अत्यधिक चिनी, नुन वा कृत्रिम स्वाद मिसिएको दही वा पेयभन्दा प्राकृतिक दही र मही रोज्नु राम्रो हुन्छ।

# चीनमा समुद्री आँधीका कारण ८ जनाको मृत्यु

एजेन्सी
बेइजिङ २३ असार । चीनको



टोर्नाडोका कारण घरका छाना, सडक, रुख तथा खेतीयोग्य मध्य भागमा आएको टोर्नाडो र भीषण वर्षाका कारण कम्तीमा ८ जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता भएका छन् ।

दक्षिणी चीनका विभिन्न क्षेत्रमा बाढीको जोखिम बढेपछि उद्धार टोलीहरूले स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा सार्ने काम जारी राखेका छन् ।

मौसमविद्हरूले यस वर्ष चीनले भारी वर्षा, आँधी, बाढी र अन्य भू-प्राकृतिक विपद्का कारण जटिल चुनौती सामना गर्नुपर्ने चेतावनी दिएका छन् ।

हुबेई प्रान्तको आपत्कालीन व्यवस्थापन विभागका अनुसार सोमबार राति प्रान्तका विभिन्न क्षेत्रमा तीव्र हावाहुरीसहित वर्षा भएको थियो । प्रान्तको पूर्वी सहर ह्वाङगाङमा मात्र १७३ जना घाइते भएका छन् ।

साथै २६९ जनालाई होटल तथा आफन्तका घरमा सुरक्षित रूपमा सारिएको स्थानीय प्रशासनले जनाएको छ ।

जमिनमा व्यापक क्षति पुगेको छ ।

सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोहरूमा स्थानीय बासिन्दाहरूले तीव्र हावाहुरीका बीच पसलका ढोका थामेर जोगाउने प्रयास गरिरहेका देखिन्छन् । त्यस्तै छाता, कुर्सी र रुखका हाँगाहरू हावाले उडाएर सडकभरि छरिएको दृश्य पनि देखिएको छ । मौसमविद्हरूका अनुसार यो हुबेई प्रान्तमा पछिल्ला केही वर्षयता आएको पहिलो टोर्नाडो हो ।

आपतकालीन व्यवस्थापन विभागले प्रान्तभर ३ हजार ५ सयभन्दा बढी उद्धारकर्मी परिचालन गरिएको जनाएको छ । उनीहरूले उद्धार, राहत वितरण तथा प्रभावित क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सार्ने कार्य जारी राखेका छन् ।

# दुब्लो मानिसमा किन हुन्छ हृदयघात ?

के तपाईं-हामीमध्ये धेरैलाई मोटो व्यक्तिलाई मात्र हृदयघात हुन्छ भन्ने लाग्छ? यदि त्यसो हो भने यसमा सत्यता छैन। मोटो व्यक्तिलाई मात्र होइन, दुब्लो-पातलो मानिसलाई पनि हृदयघात हुन सक्छ।
मोटोपनले हृदयघातको जोखिम बढाउने भए तापनि दुब्लो व्यक्तिहरूमा देखिने अन्य विभिन्न लुकेका स्वास्थ्य समस्याहरूका कारण यो रोग लाग्न सक्ने मुटुरोग विशेषज्ञ डा. अनिल भट्टराई बताउँछन्।
उनका अनुसार मुटुको रक्तनलीमा अचानक अवरोध आएर मुटुको मांसपेशीमा रक्तसञ्चार बन्द हुनु नै हृदयघात हो। यसका पछाडि शरीर को तौलबाहेक अन्य धेरै कारणहरू जिम्मेवार हुन्छन्।

*दुब्लो व्यक्तिमा हृदयघात हुनुका मुख्य कारणहरू:*

*वंशाणुगत कारण:* परिवारमा कसैलाई मुटुरोगको इतिहास छ भने दुब्लो मानिसमा पनि हृदयघातको जोखिम उच्च हुन्छ।
*लुकेको बोसो:* बाहिरबाट दुब्लो देखिए तापनि कतिपयको कलेजो र आन्तरिक अङ्गहरूमा हानिकारक बोसो जमेको हुन्छ।
*उच्च कोलेस्ट्रोल:* पातलो मानिसको रगतमा पनि खराब कोलेस्ट्रोलको मात्रा बढी हुन सक्छ, जसले रक्तनली थुनिदिन्छ।
*धूम्रपान र मदिरापान:* सुर्तीजन्य पदार्थ र रक्सीको अत्यधिक सेवनले सिधै मुटुको धमनीहरूलाई क्षति पुऱ्याउँछ।
*उच्च रक्तचाप र मधुमेह:* यी दुवै समस्याले रक्तनलीहरूलाई कडा र साँघुरो बनाउँछन्, चाहे व्यक्तिको तौल जतिसुकै होस्।
*मानसिक तनाव:* धेरै रिस उठ्ने, चिन्ता र अत्यधिक कार्यबोझका कारण पनि धमनीको झिल्ली फुटेर अचानक हृदयघात हुन सक्छ।
*शारीरिक निष्क्रियता:* दुब्लो भएर पनि व्यायाम नगर्ने र अस्वस्थ जीवनशैली अपनाउनेहरू उत्तिकै जोखिममा हुन्छन्।



# महोत्तरीमा सालको काठसहित ट्याक्टर नियन्त्रणमा

दैनिक समाचारदाता
महोत्तरी २३ असार । महोत्तरी प्रहरीले अवैध सालको काठसहित वन तस्करीमा प्रयोग भएको एक ट्याक्टर नियन्त्रणमा लिएको छ। जिल्लाको गौशाला नगरपालिका-११ स्थित ढोलन खोला क्षेत्रबाट काठ लोड गरिएको ज १ त २५२६ नम्बरको ट्याक्टर नियन्त्रणमा लिइएको हो।

ढोलन खोला तथा आसपासका वन क्षेत्रमा काठ तस्करी बढेको सूचनाका आधारमा प्रहरी चौकी कान्तिबजारबाट मङ्गलबार बिहान गस्ती टोली परिचालन गरिएको थियो। प्रहरी टोलीलाई देख्नेबित्तिकै चालक ट्याक्टर छाडेर फरार भएको प्रहरीले जनाएको छ।

चालक फरार भए पनि प्रहरीले ट्याक्टरसहित २५.२८ क्युफिट परिमाणका ११ थान सालका काठ बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डीएसपी) पञ्चलाल गोलेका अनुसार बरामद काठ र ट्याक्टर आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि लक्ष्मिनियास्थित सब-डिभिजन वन कार्यालयमा बुझाइएको छ।

बरामद काठ वन क्षेत्रको कुन स्थानबाट चोरी गरी कहाँ लैजान लागिएको थियो भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। फरार चालकको खोजी तीव्र पारिएको र घटनाबारे थप अनुसन्धान जारी रहेको डीएसपी गोलेले जानकारी दिनुभयो।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५
२०८३ असार २४ गते बुधवार [08 July 2026]
समाचार दैनिक

# सेवाग्राहीमाथि हातपात गर्ने कार्यालय प्रमुख हटाइए

दैनिक समाचारदाता
जनकपुरधाम, २३ असार । कार्यालयमै सेवाग्राहीमाथि हातपात गरेको भिडियो सार्वजनिक भएपछि यातायात व्यवस्था कार्यालय बारा (सिमरा) का निमित्त कार्यालय प्रमुख चिन्तन आचार्यलाई जिम्मेवारीबाट हटाइएको छ। मधेश प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गर्दै आचार्यलाई मन्त्रालयमा तानेको हो। मन्त्रालयका सूचना अधिकारी सुनिल साहका अनुसार आचार्यको स्थानमा बारा यातायात व्यवस्था कार्यालयका अधिकृत रामस्वार्थ महतोलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी दिइएको छ।



घटनाबारे अनुसन्धान प्रक्रिया जारी रहेको प्रहरीले जनाएको छ। धनुषा प्रहरीको समन्वयमा बारा प्रहरीले आचार्यलाई कार्यालयमा बोलाएर घटनाका विषयमा सोधपुछ गरिरहेको छ। हालसम्म भने उनलाई औपचारिक रूपमा नियन्त्रणमा लिइएको छैन।

प्रहरीका अनुसार घटना गत फागुनको तेस्रो सातातिर कार्यालय प्रमुखको कार्यकक्षमै भएको थियो। अनुसन्धानका क्रममा कार्यालयका एक चौकीदारको समेत घटनामा संलग्नता देखिएको बताइएको छ। घटना हुँदा ट्राफिक प्रहरीका सई भानुभक्त आचार्यसहित दुई जना प्रहरीसमेत कार्यालय परिसरमा उपस्थित रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

सरकारी कार्यालयभित्र सेवाग्राहीमाथि भएको हातपातको भिडियो सार्वजनिक भएपछि घटनाको व्यापक आलोचना भएको थियो। त्यसपछि मन्त्रालयले प्रशासनिक कारबाहीस्वरूप आचार्यलाई जिम्मेवारीबाट हटाउँदै मन्त्रालयमा तानेको जनाएको छ।

## धनुषामा.......

जाँदै गरेको प्रदेश १-०१-००१ ख ३८४३ नम्बरको बस अनियन्त्रित भई सडकछेउ पल्टिँदा दुर्घटना भएको हो।

दुर्घटनामा बस चालक झापाको मेचीनगर नगरपालिका-७ निवासी ३५ वर्षीय सन्तुलाल चौधरी घाइते भएका छन्। उनको शरीरका विभिन्न भागमा चोट लागेको छ भने अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। चौधरीको जनकपुरधामस्थित साई ट्रमा सेन्टरमा उपचार भइरहेको छ।

यस्तै, भारत निवासी ४० वर्षीय सन्दीप पाठक र उनकी श्रीमती ३५ वर्षीया सुनिता क्षेत्री पनि घाइते भएका छन्। दुवै जनाको धनुषाको वीरेन्द्रबजारस्थित कमलामाई अस्पतालमा उपचार भइरहेको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो।

प्रहरीका अनुसार दुर्घटनामा सकुशल रहेका ११ यात्रुलाई अर्को बसमार्फत गन्तव्यतर्फ पठाइएको छ। दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## मधेशमा......

र सञ्चार सेवामा असर पर्न सक्ने विभागले जनाएको छ ।

आज राति देशका हिमाली भूभागका धेरै स्थान तथा पहाडी र तराईका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुने सम्भावना छ । कोशी प्रदेशका पहाडी र तराईका धेरै स्थान, मधेस प्रदेशका धेरै भूभाग तथा गण्डकी र लुम्बिनी प्रदेशका पहाडी र तराईका एकदुई स्थानमा भारी वर्षा हुनसक्ने सम्भावना छ ।आगामी केही दिन मनसुनी गतिविधि कायम रहने भएकाले मौसमसम्बन्धी अद्यावधिक सूचना पछ्याउन, नदी तथा खोलामा आउने आकस्मिक बहाव, पहिरो र सहरी डुबानको जोखिमलाई मध्यनजर गर्दै आवश्यक सतर्कता अपनाउन सर्वसाधारणलाई अनुरोध गरेको छ । रासस

# सुशासन र रोजगारी सरकारको प्राथमिकता : प्रधानमन्त्री शाह

दैनिक समाचारदाता
काठमाडौँ, २३ असार । प्रधानमन्त्री वालेन्द्र शाहले वर्तमान सरकारको मुख्य प्राथमिकता सुशासन प्रवर्द्धन, तीव्र आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा नागरिकलाई गुणस्तरीय सार्वजनिक सेवा उपलब्ध गराउनु रहेको बताउनुभएको छ।

प्रधानमन्त्री शाहले मङ्गलबार एसियाली विकास बैंक (एडिबी)का अध्यक्ष मासातो कान्डासँग भएको भेटवार्तामा सरकारका प्राथमिकता र विकासका योजनाबारे जानकारी गराउनुभएको हो।

उहाँले सार्वजनिक लगानीको प्रभावकारिता अभिवृद्धि, निजी क्षेत्रको नेतृत्वमा आर्थिक वृद्धि प्रवर्द्धन, ऊर्जा विकासलाई तीव्रता, पूर्वाधारको आधुनिकीकरण तथा डिजिटल रूपान्तरणलाई सरकारले विशेष प्राथमिकतामा राखेको बताउनुभयो। स्थिर नीतिगत वातावरण र सुदृढ संस्थाले मात्रै लगानी आकर्षित गरी दिगो तथा समावेशी विकास सम्भव हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

प्रधानमन्त्री शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार भेटवार्तामा नेपाल-एडिबी साझेदारीलाई थप सुदृढ बनाउने विषयमा केन्द्रित छलफल भएको थियो।

प्रधानमन्त्री शाहले नेपालमा जलविद्युत्को ठूलो सम्भावना रहेको उल्लेख गर्दै एडिबीको सहयोगमा निर्माणाधीन दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभयो। दीर्घकालीन ऊर्जा सुरक्षाका लागि महत्त्वपूर्ण



मानिएको उक्त आयोजनाको वित्तीय व्यवस्थापन प्रक्रिया यथाशीघ्र अघि बढाउन पनि उहाँले आग्रह गर्नुभयो।


भेटमा एडिबीको 'कन्ट्री पार्टनरसिप स्ट्राटेजी' अन्तर्गत ऊर्जा, कनेक्टिभिटी, सहरी विकास तथा डिजिटल पूर्वाधारका क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा पनि छलफल भएको थियो।

प्रधानमन्त्री शाहले नेपाल सरकार र नेपाली जनताका तर्फबाट विगत पाँच दशकभन्दा बढी समयदेखि नेपालको विकास यात्रामा एडिबीले पुऱ्याउँदै आएको सहयोगप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा गर्नुभयो।

हाल नेपालमा एडिबीको सक्रिय लगानी (पोर्टफोलियो) करिब चार अर्ब २० करोड अमेरिकी डलर बराबर रहेको छ। यसअन्तर्गत ३१ वटा परियोजना सञ्चालनमा छन्। साथै, 'पोलिसी बेस्ड लेन्डिङ' अन्तर्गत सन् २०२६ मा १५ करोड अमेरिकी डलर सहायता उपलब्ध गराउने कार्यक्रम रहेको छ। खानेपानी, सरसफाइ, सहरी पूर्वाधार, युवा रोजगारी, विपद् जोखिम व्यवस्थापन, डिजिटल सुशासन तथा सहकार्यका प्राथमिकताका क्षेत्रमा पनि भेटवार्तामा छलफल भएको थियो। भेटका क्रममा एडिबीका अध्यक्ष मासातो कान्डाले नेपाललाई प्रदान गरिने सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, नेपालको डिजिटल अर्थतन्त्र आर्थिक वृद्धि र रोजगारीको नयाँ आधारका रूपमा विकास हुँदै गएको उल्लेख गर्दै डिजिटल पूर्वाधार तथा डिजिटल सार्वजनिक पूर्वाधार सुदृढीकरणमा एडिबीको निरन्तर सहयोग रहने विश्वास दिलाउनुभयो।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

# ४ हजार ८ सय कर्मचारी कटौती गर्दैछ माइक्रोसफ्ट




एजेन्सी
क्यालिफोर्निया २३ असार । अमेरिकी बहुराष्ट्रिय प्रविधि कम्पनी माइक्रोसफ्टले विश्वभरका ४ हजार ८ सय कर्मचारीको जागिर कटौती गर्ने घोषणा गरेको छ ।

यो कम्पनीको कुल कार्यबलको करिब २ दशमलव १ प्रतिशत हो । कम्पनीले आफ्नो गेमिङ व्यवसाय एक्सबक्समा व्यापक पुनर्संरचना गर्दै चार स्टुडियोलाई अलग गर्ने निर्णय पनि गरेको छ । कम्पनीका अनुसार गेमिङ डिभिजनमा मात्र ३ हजार २ सय पद कटौती गरिनेछ । तीमध्ये १ हजार ६ सय कर्मचारीलाई सोमबारदेखि नै बिदा गरिएको छ ।

माइक्रोसफ्टले पछिल्ला केही वर्षमा एक्सबक्स व्यवसाय विस्तारका लागि अर्बौं डलर लगानी गरेको थियो । यस क्रममा उसले एक्टिभिजन ब्लिजार्डलाई पनि खरिद गरेको थियो । तर त्यसपछि पनि सोनीको प्लेस्टेसन र निन्टेन्डोसँगको प्रतिस्पर्धामा अपेक्षित सफलता हासिल गर्न नसकेपछि कम्पनीले गेमिङ व्यवसायको रणनीतिमा ठूलो परिवर्तन गर्न लागेको हो ।

अब माइक्रोसफ्टले आफ्ना खेलहरू एक्सबक्स कन्सोलमा मात्र सीमित नराखी विभिन्न प्लेटफर्ममा उपलब्ध गराउने रणनीति अपनाउने भएको छ । यसले कन्सोल बिक्रीभन्दा खेल वितरणलाई बढी प्राथमिकता दिने कम्पनीको योजना देखिएको छ । एक्सबक्सकी प्रमुख आशा शर्माले कर्मचारीलाई पठाएको सन्देशमा पुनर्संरचनाअन्तर्गत चार स्टुडियोलाई अलग गरिने जानकारी दिएकी छन् ।

उनका अनुसार कम्पल्सन गेम्स र डबल फाइन प्रोडक्सन्स स्वतन्त्र स्टुडियोका रूपमा सञ्चालन हुनेछन् । त्यस्तै निन्जा थ्योरी र अनडेड ल्याब्सलाई पनि छुट्टै कम्पनीका रूपमा विकास गरिनेछ, जसले क्रमशः सेनुआ र स्टेट अफ डिके ३ खेलको विकासमा ध्यान केन्द्रित गर्नेछन् । यस्तै, डिसअनर्ड खेल विकास गरेको आर्केन स्टुडियोले पनि आफ्ना कर्मचारी सङ्गसँग कम्पनीको भविष्यबारे छलफल सुरु गरेको जनाएको छ । उक्त स्टुडियो हाल मार्भल कमिक्सका पात्र ब्लेडमा आधारित नयाँ खेल निर्माण गरिरहेको छ ।

पछिल्लो समय कृत्रिम बौद्धिकता अपनाउने क्रम बढेसँगै प्रविधि कम्पनीहरूले धमाधम कर्मचारी कटौती गरिरहेका छन् । यस वर्ष विश्वका ठूला प्रविधि कम्पनीहरूले एआईमा ७ खर्ब डलरभन्दा बढी लगानी गर्ने अनुमान गरिएको छ । बढ्दो लगानीबाट प्रतिफल निकाल्ने दबाबबीच अमेजन र मेटा प्लेटफर्म्सले पनि यस वर्ष हजारौं कर्मचारी कटौती गरिसकेका छन् । माइक्रोसफ्टकी प्रमुख मानव स्रोत अधिकृत एमी कोलम्यानले भने कर्मचारीलाई पठाएको सन्देशमा हटाइएका पदहरू एआईले प्रतिस्थापन गर्नका लागि कटौती नगरिएको स्पष्ट पारेकी छन् ।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४